**कञ्चनरुप नगरपालिकाको सातौं नगरसभाका सभाध्यक्ष महोदय,**

नगरसभाका सदस्यज्यूहरु

- नेपाल राष्ट्रको रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश जनविद्रोह र मधेश आन्दोलन लगायतका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने समस्त ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
- संघीयता लागू भए पश्चात स्थानीय तह सदस्यको दोश्रो चरणको निर्वाचन सम्पन्न भएको छ । आफ्नो बहुमूल्य अभिमत र विश्वासले विजयी गराउनु भएका यस कञ्चनरुप न.पा.का सम्पूर्ण नगरवासीमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । स्थानीय तहको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, नागरीक समाज र संघ संस्था प्रति हृदय देखि नै अभारी छु ।
- नेपालको संविधान २०७२ र त्यस मातहत वनेका कानूनहरु, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना र दिगो विकासका लक्ष्यलाई आधार बनाएको छु । साथै कञ्चनपुर नगरपालिकाको आवधिक नगर विकास योजना, क्षेत्रगत नीति तथा रणनीतिहरुलाई आधार बनाउँदै, बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

## कञ्चनरुप नगरपालिकाको सातौं नगरसभाका आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम

### वजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु

क) विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,

ख) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिइनेछ ।

ग) सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील, समुन्नत, स्वामित्व एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै गइनेछ ।

घ) कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वस्थ सेवा सर्वशुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नति र स्वास्थ्य जनशक्ति विकासमा जोड दिंदै **"स्वस्थ्य नागरिक, समृद्ध नगरपालिका"** मूलनाराका साथ स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

ङ) विकासको शीघ्र प्रतिफल प्राप्त हुने र अगामी वर्ष भित्र सम्पन्न हुने आयोजना/योजनाहरु कार्यान्वयनमा ल्याईनेछ ।

च) गुणस्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माणलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

**म आगामी आ.व. २०७९/०८० को विषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## १.आर्थिक विकास

### १.१ कृषि क्षेत्र :

- एकीकृत कृषि उत्पादन प्रणालीमा केन्द्रित रही सहकारी खेती, सहकारी करार खेती, सामुदायिक खेती र अमानत र चक्लाबन्दी खेती मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउने र सो कार्यक्रम मार्फत बेरोजगार यूवाहरुलाई रोजगारी सृजना गरिनेछ ।
- कृषि उत्पादनमा वृद्धि गर्न र कृषकहरुको मनोवल उच्च राख्न लागत साँझेदारीमा कृषि विऊ, विजन, फलफूलका विरुवा, मल खाद, कृषि औजार, किटनाशक, विषादी, गुणस्तरिय मौसमी, वहुवर्षिय र वेमौसमी खेती सम्बन्धी तालिम सहज र सुलभ तरिकाबाट उपलब्ध गराउँदै आएकोमा निरन्तरता दिइनेछ ।
- प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि वालीमा हुने क्षतिलाई परिपुरण गर्न कृषि बीमा कार्यक्रम लागू गर्ने व्यवस्था मिलाइने छ ।

- कृषि उत्पादन तथा बजारीकरणको निम्ति महत्वपूर्ण स्थानहरुमा कृषि सडक निर्माण, कृषि उपज संकलन, भण्डारण वा विक्री केन्द्र निर्माण, सिंचाई प्रणाली विकास, कृषि विद्युतिकरण वा कृषि मिटर र समरसियल जडान कार्यलाई उच्च प्राथमिकता दिइने छ ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रबद्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिचाइ सुविधा प्रर्वद्धन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- किसानको लागत मूल्य प्राप्तीको सुनिश्तताको लागि कृषी तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत बनाई लागू गरिनेछ ।
- व्यवसायिक रुपमा आवद्ध भएका पशुपंक्षी तथा मत्स्य पालन कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषकहरुबाट सञ्चालित डेरी उद्योगलाई प्रोत्साहन एवंम् समन्वय र सहकार्य गर्दै वजारिकणको व्यवस्था मिलाउनेछ ।
- स्थानीय तहभित्र रहेको बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको आवधारणा कार्यान्वयन गर्न सहजीकरण गर्ने । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गरिनेछ ।
- कृषिलाई मर्यादित पेशाका रूपमा स्थापित गराई युवालाई व्यववसायिक कृषि कार्यमा संलग्न हुन उत्प्रेरणा प्रदान गरिनेछ । वित्तीय संस्थाहरूको कृषि कार्य लगानी तथा सहुलियतपूर्ण कर्जामा आवद्ध हुन सहयोग गरिनेछ ।
- वैदेशिक रोजगारमा जाने तथा फर्केका युवा लक्षित कार्यक्रम सञ्चालन गर्न बहुउपयोगी परामर्श केन्द्र सञ्चालन गरिनेछ ।
- तरकारी, फलफूलका विऊ तथा विरूवाहरू अनुदान दिई किसानको लागत सहभागितामा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषियोग्य खेतीमा सिंचाई सुविधाको लागि कुलो पैनी मर्मत तथा साना सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक रुपले अति विपन्न, श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइनेछ ।
- कृषियोग्य जमिनको माटोको उर्वराशक्तिको मापनका लागि माटो परीक्षणका लागि राजविराज स्थित माटो परीक्षण केन्द्रस[illegible] समन्वय गरी परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- कृषि विज्ञ तथा प्राविधिकको सहयोगमा हात्तिबाट हुन सक्ने मानवीय तथा धनमालको क्षतिलाई न्यूनिकरण गर्ने आन्तरिक उपाय स्वरूप हात्तिले नरूचाउने र नखाने प्रकृतिका वालीहरू लगाउन किसानहरूलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय सम्भाव्यताका आधारमा उत्पादन योग्य नगदे वाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यावसायीकरणलाई बढावा दिंदै उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि गरिनेछ ।
- विपन्न वर्गको किसानको लागि कृषिमीटरमा लाग्ने महशुलमा १५ वाटसम्मको महशुलको सुविधा नगरपालिकाबाट मिलाईने छ ।
- विपन्न वर्गका किसानका लागि कृषि मिटर उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- व्यावसायिकताका आधारमा उत्पादन र उत्पाकत्व वढाउन कृषकहरूको सीप अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ ।
- कृषिमा यान्त्रीकरण, अध्ययन अनुसन्धान र प्रविधि हस्तातरण गरी व्यावसायीकरण गर्न गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- कृषि उत्पादनलाई विशिष्टिकरण गर्न सम्भाव्यताका आधारमा एक वडा एक उत्पादक कार्यक्रम लागू गरिनेछ । यसका लागि स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।
- कृषि व्यबसायी सम्बन्धी सिफारीस सम्बन्धमा हाल कायम रहेका शुल्कलाई न्यूनतम शुल्क तोकिने छ ।
- यस नगरपालिकाभित्र आवश्यकता अनुसार कृषि मण्डी तथा विउ विजनको गौदाम स्थापना गरिने छ ।

- मलखाद्य सहज आपूर्तिको लागि अधिकृत विक्रेताको संख्यामा वृद्धि गरिनेछ ।
- भूमी सम्बन्धी ऐन कानून ल्याई भू–उपयोग नीतिलाई अवलम्न गरिनेछ ।
- अर्गानिक खेतीलाई प्राथमिकता दिई सुविधा दिइने व्यवस्था मिलाईनेछ ।
- धान र गहु काट्न आधुनिक यन्त्र उपकरणको व्यवस्था गरिनेछ ।

**१.२ पशुपंक्षि क्षेत्र**

- कृषि क्षेत्रका लक्षित वर्गका यूवा महिलाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादन वृद्धि गर्न साथै वेरोजगारी एवं गरिवी न्यूनिकरण गर्ने उद्देश्यका साथ निर्वाहमुखि पशुपालनलाई व्यवसायीमुखी गरी सम्भाव्यताको आधारमा गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा (स्थानीय) पालन पकेट संचालन गरिनेछ ।
- दूध उत्पादन बढी हुने वडाहरूमा डेरी पसल तथा दूध संकलन केन्द्र स्थापना गर्दै दूधको बजार व्यवस्थापनमा प्रोत्साहन गरिनेछ ।
- जनस्वास्थ्यको मापदण्ड अनुसार स्वच्छ सफा खाद्य उपभोगकर्तालाई मुख्य बजार क्षेत्रमा फ्रेस हाउस संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- माछाको बढ्दो माग अनुसार माछामा आत्मनिर्भर हुन पालिका भित्रको नया तथा पुराना पोखरी निर्माण मर्मत सुधार गरी माछाको भुर्रा उत्पादन गर्ने कृषकहरूलाई विशेष पकेट तथा अनुदानको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा कृत्रिम गर्भाधान सेवा संचालन गरी कम उत्पादनशिल पशुहरूमा नश्ल सुधार गर्न एक वडा एक प्राविधिकको व्यवस्था मिलाइनेछ ।
- पशुहरूमा लागत कमगर्न घासको अहम भूमिका हुने भएकोले समय अनुसारको घासको बीउ उपलब्ध गराउन घासको वीउ बैंक स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- विभिन्न रोगहरूको उपचारको लागि पशुपंक्षी उपचार कार्यलाई निरन्तरता दिइनेछ ।
- पशुहरूमा लाग्ने महामारी रोग विरूद्ध पशु खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस नगरपालिकाको पेडा उत्पादनलाई जोड दिन लक्षित वर्गहरूलाई दूध उत्पादन कार्यक्रमहरू ल्याई प्रोत्साहित गरिनेछ ।

**१.३ सहकारी सम्बन्धी नीतिहरू :**

- सहकारीहरुको क्षमता अभिवृद्धि कार्यगत क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा तालिम, COPOMIS प्रविधिको विकास गर्दै आगामी आ.व.बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अवलम्बन गरिनेछ।
- सहकारी संस्थाहरूको सघन अनुगमनलाई प्राथमिकतामा राखि संचालन गरिनेछ ।
- सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो सम्भाव्यताका आधारका रूपमा विस्तार गरिनेछ ।
- कृषि तथा गैरकृषि सहकारी संस्थाहरूको प्रवर्द्धन गरी उत्पादन बढाईनेछ ।
- कृषि क्षेत्र सग सम्बन्धित उत्पादनको प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्द्धनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- महिला तथा युवाहरूमा उद्यमशिलता विकास गर्न उद्यम तथा व्यवसाय संचालनार्थ सहकारीको माध्यमबाट सहुलियत दरमा ऋण लगानी गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- सहकारी वित्तिय सेवा प्रविधिको प्रयोगमा वृद्धि एवं विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- सहकारीको वार्षिक मूल्यांकन गरी उत्कृष्ठ कार्य गर्नेलाई पुरस्कृत र विग्रेकालाई सुधार गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति गर्न चक्लाबन्दी खेतीमा जोड दिनुको साथै बजारीकरणमा सहकारी संस्थाहरूलाई क्रियाशिल तुल्याउने ।

- सहकारी संस्थाहरूलाई प्रवर्द्धन गर्न रणनीति योजना निर्माण गरिनेछ ।
- स्थानीय सहकारी नीति, कानुन प्रतिवेदनका साथै मापदण्ड निर्धारण गरी नियमन समेत गरिनेछ ।
- नगरपालिका र लघुवित्त तथा वित्तिय संस्था बीच समन्वय गरी सुलभ व्याज दरमा कर्जा प्रवाह गरी नागरीकलाई आय आर्जनमा आत्मनिर्भर वनाउन पहल गरिनेछ ।

**१.४ पर्यटन क्षेत्र :**

- आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्न लब्ली पार्क देखि खोत्तर देवी हुँदै धारापानी धर्मेश्वरसम्म पैदलमार्ग निर्माण, धर्मेश्वर पर्यटकीय स्थललाई स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ र विष्णु मन्दीर र भजनेश्वर मन्दिर लगायत अन्य मठ मन्दिर, मस्जिदहरुमा आन्तरिक पर्यटन अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगर भित्र रहेका धार्मिक, साँस्कृतिक एतिहासिक र प्राकृतिक पूर्वाधारहरुको जिर्णोद्वार, विकास र प्रवर्द्धन गर्ने गरी वजेट विनियोजन गरिनेछ ।
- पर्यटकीय स्थलहरूको एकिकृति विकासको लागि पर्यटन गुरूयोजनाको तयारी गरिनेछ ।
- नगरपालिकाबाट पर्यटकीय स्थल घोषणा भैसकेको धर्मेश्वर क्षेत्रको योजनाबद्ध विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोहि बमोजिम विकासको कार्य संचालन गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय स्थलहरूको बृत्तचित्र निर्माण गरी संचारमाध्यम तथा अनलाईन संचाको माध्यमबाट प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गरिनेछ ।
- आन्तरिक पर्यटनलाई बढावा दिने उद्देश्यले यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा वाह्य भ्रमणको विदा मिलाई सो अवधिको सेवा सुविधाको व्यवस्था मिलाईने छ ।
- वडा नं.६ मा अवस्थित गोर राजा मन्दिरलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- मठ मन्दिर, मस्जिद, चर्च, प्रार्थना गृह निर्माण गरिनुको साथै धार्मिक स्थल, पर्यटन स्थलहरूको जिर्णो□र तथा संरक्षण गरिनेछ ।

**१.५ उद्योग वाणिज्य सम्बन्धी नीतिहरू**

- स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रावधान गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गर्ने छु ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजमि रहेको ब्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि, लगायतका क्षेत्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्गे व्यवस्था मिलाउने छु ।
- विभिन्न प्रकारका सम्भाव्य उद्योग तथा व्यवसाय विकास एवं विस्तार गरी नगर क्षेत्रमा उत्पादकत्व, उत्पादन, रोजगार र आय आर्जनका अवसरहरूलाई अधिकतम उपयोग गरिनेछ ।
- संघीय सरकारको एक स्थानीय तह एक औद्यौगिक ग्रामको नीति वमोजिम नगरपालिका अन्तर्गत औद्योगिक क्षेत्र स्थापना, विकास र व्यवस्थापन सार्वजनिक निजी साँझेदारी ढाँचामा निर्माणका लागि नीति अवलम्बन गर्दै उक्त कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्रमा रोजगारी प्रवर्द्धन गर्नका लागि औद्योगिक क्षेत्रको स्थापना गरी स्वदेशी लगानीकर्तालाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- यस न.पा.मा भित्र उद्योग स्थापना गरी रोजगारी सृजना गर्ने साथै नयाँ व्यवसाय गर्नेहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ ।
- वेरोजगारहरूको हकमा शिप मूलक तालिम प्रदान गरी आय–आर्जनमा आत्मनिर्भर बनाउने कार्यको लागि अवाश्यक व्यवस्था मिलाउनेछु ।

**२. सामाजिक विकास क्षेत्र**

**२.१. शिक्षा यूवा तथा खेलकुद :**

- नगर शिक्षा गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । सार्वजनिक विद्यालयमा गुणस्तर सुधारका लागि सूचकमा आधारित गुणस्तर मापन गर्ने कार्यको थालनी गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा विद्यालयहरुलाई पूर्वाधार मैत्री विद्यालय बनाउन वालमैत्री कक्षा कोठा, छात्रा शौचालय, खेलमैदान, इन्टरनेट सुविधा सहितको पुस्तकालय स्थापना र ल्यावको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- नगर खेलकुदको विकासको लागि संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा मदन भण्डारी खेलग्राम निर्माण गर्न तदारुकताका साथ लागू गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा स्वयंसेवक कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा र कक्षा १ बाटै अँग्रेजी माध्यमबाट पढाई संचालन गर्ने व्यवस्थाको साथै विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै शिक्षकहरुलाई तालिमको व्यवस्था गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

- सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयहरूका वालक्लवहरूलाई अझ प्रभावकारी वनाई शैक्षिक सुधारको सहयोगीको रूपमा विकास गरिनेछ साथै आवश्यक खेल सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा शिक्षकको नियमित हाजिरीलाई प्रविधिमैत्री वनाउन विद्युतीय हाजिरीको जडान गरिनेछ र सो को अनुगमनको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरभित्रका सामुदायिक विद्यालयहरूको तथ्या□लाई एकिकृत र व्यवस्थित गर्नका लागि सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइनेछ ।
- आगामी आर्थिक वर्षमा नगर क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययनरत वालवालिकाहरूको अन्तरनिहित क्षमता प्रष्फुटनका लागि नगरस्तरीय अतिरिक्त कृयाकलाप संचालन गरिनेछ ।
- नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षकलाई पुरस्कार तथा सम्मानको व्यवस्था मिलाउनुको साथै उत्कृष्ठ विद्यार्थीहरूमध्ये हरेक शैक्षिक शत्रमा नगरपालिका भित्रका उत्कृष्ठ विद्यार्थिहरूलाई हेल्थ असिस्टेन्ट ३ जना, इन्जिनियरिंग डिप्लोमा ३ जना, स्टाफ नर्स ३ जना र ल्याब टेक्निसियन ३ जना लाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको सघन अनुगमन कार्यलाई नियमित र प्रभावकारी तुल्याइनेछ । यस कार्यक्रमा आवश्यकता अनुसार सरोकारवाला र विज्ञको समेत सहयोग लिइनेछ ।
- नमूना विद्यालयका लागि बालमैत्रीपूर्ण व्यबहार, हरित वातावरणमैत्री, प्रविधियुक्त, पर्याप्त विषयगत शिक्षकहरू, खेल मैदान भएको सुविधासम्पन्न विद्यालय स्थापना वा स्तरवृद्धि गरिनेछ ।
- वालमैत्री नगर घोषणा भई वालमैत्रीका आधारभूत सूचांकहरू निरन्तर रूपमा पूरा गर्न आवश्यक वजेट विनियोजन गरी निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत दलित, विपन्न, उत्पीडित, असहाय, सीमान्तकृत, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यार्थी संख्याका अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ । त्यस क्रममा विषयगत र महिला शिक्षकको उपलब्धतालाई सुनिश्चित गरिनेछ । विद्यार्थी संख्याका आधारमा सबै विद्यालयमा सुविधासम्पन्न, प्रविधिमैत्री, वालमैत्री कक्षाकोठा व्यवस्था गरिनेछ । फर्निचर, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, आईसीटी ल्याब व्यवस्था हुने गरी निर्माण, विकास वा स्तरोन्नति गरिनेछ ।
- युवाको सीप, ज्ञान र क्षमतालाई नगर विकास एवं कार्यदक्षता अभिवृद्धिमा प्रयोग गरिनेछ ।
- यस नगरपालिकाको वडा नं. ९ स्थित विष्णु सामुदायिक वन समितिले हाल भोग चलन गरिरहेको १२४-८-१२ जग्गा यस नगरपालिकाको स्वामित्वमा भोगाधिकार ल्याउन सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने र राष्ट्रिय गौरवका योजनामा पर्न गएको पर्न गएको विभिन्न खेल ग्रामको डि पि आर, माटो परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन तयार भइसकेकोले उक्त खेल ग्राम बनाउने कार्यलाई थप प्रक्रिया पूरा गरी पूर्वाधार सहित संचालनमा ल्याउन पहल गरिनेछ ।
- प्रत्येक विद्यालयमा कम्प्यूटर प्रयोगशालाको स्थापना गरिनेछ ।

- शिक्षालाई प्रभावकारी बनाउन अभिभावक र शिक्षक बीच प्रत्येक छ□छ महिनामा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- प्राविधिक शिक्षाको पहुचमा विद्यार्थीहरूलाई पुर्‍याउन CTEVT/ PU बाट सम्बन्धन लिई स्टाफ नर्स, डिप्लोमा ईन्जिनियर, हेल्थ असिस्टेन्ट, डिप्लोमा इन फार्मेसी र बि एस सी नर्सिंग आदि सीपमूलक पठन पाठनको व्यवस्था मिलाईनेछ ।
- गरीव तथा अति विपन्न समुदाय विद्यार्थीहरूको लागि उच्च शिक्षामा पहुँच पुर्‍याउनको विशेष योजना ल्याइनेछ ।
- दलित महाविद्यालयका स्थापनाका लागि केन्द्रिय सरकारसंग समन्वय र पहल गरिनेछ ।
- **□महिलाहरूका लागि शिक्षा□** भन्ने नारालाई प्राथमिकता राख्दै विशेष योजनाहरू ल्याइनेछ ।
- नगरपालिकाको उपयूक्त स्थानमा खुल्ला जिम र पार्कको निर्मा○ गरिने छ ।
- सामुदायिक विद्यालयहरूमा नेपाल सरकार□रा मान्यता प्राप्त पोषण पौष्टिक दिवा खाजाको व्यबस्था मिलाईने छ ।
- नगर स्तरीय मेयर कप खेलकुद कार्यक्रम फूटबल, क्रिकेट, ब्याड मिन्टन, दौड आदि बार्षिक रूपमा संचालन गरिनेछ ।
- वाल विकासका शिक्षिकाहरूलाई पारिश्रमिक सेवा□सुविधा र वालकक्षामा फर्निचरको उचित व्यवस्थापन मिलाइनेछ ।
- नगरपालिका अर्न्तगत प्रविधियुक्त सेन्ट्रल लाइब्रेरी स्थापना गरिनेछ ।

२.२ **स्वास्थ्य**

१." **स्वस्थ नगरपालिका,समृद्व नगरपालिका "** नाराको साथ कंचनरुप नगरपालिकाको स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखि बिशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

२.जनताको प्राथमिक स्वास्थ्य सेवालाई गुणस्तर तथा स्तरिय बनाउदै प्राथमिक स्वास्थ्य केन्द्र कंचनपुरमा बिशेषज्ञ सेवा साथै प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० वेडको अस्पतालमा स्तरोन्नति गरी बिशेषज्ञ सेवा सहित २४ सौ घण्टा,फार्मेशी,ल्याब,भिडियो एक्स-रे लगायका सेवा संचालनमा ल्याईनेछ ।

३.मृगौला रोगीहरुको स्वास्थ्य रक्षाका ला गि मृगौला डायलाईसिस केन्द्र संचालनमा ल्याईनेछ साथै निःशुल्क डायलाईसिसको ब्यबस्था मिलाउनुको साथै ट्रामा सेन्टर स्थापनाको लागि पहल गरिनेछ ।

४.वर्थिङ्ग सेन्टरहरुलाई थप ब्यबस्थित बनाउन आवश्यक उपकरणको सहित दक्ष प्रसुतिकर्मिबाट प्रशुति गराउन प्रोत्साहन गरी प्रसुति अवस्थामा भएको जटिलताको ब्यबस्थापन गर्न कंचनपुर आधारभुत अस्पतालमा अप्रेशन सहितको( CEONC) सेवा संचालनमा ल्याईनेछ साथै कंचनरुप नगरपालिका लाई **पुर्ण संस्थागत प्रसुति सेवा (ZERO HOME DELIVERY)** घोषणा गरिनेछ ।

५.कंचनरुप नगरपालिकाभरीको गर्भवती महिलालाई प्रसुती सेवाको लागि नगरभरीको वर्थिङ्ग सेन्टरमा आउन तथा जटिलता भई बाहिर प्रेषण गर्नु पर्दा र शर्प दशबाट पिडित विरामीलाइ वाहिर प्रेषण गर्नु पर्दा निःशुल्क एम्बुलेन्स सेवाको ब्यबस्था मिलाईने छ ।

६.कोभिड-१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणकालगि क्षमता बिकाश तथा जनचेतना मुलक कार्यक्रम सहित आवश्यक सुरक्षा सामाग्रिको ब्यबस्था मिलाईनेछ ।

७. गर्भवती महिलालाई भिडियो एक्स-रे सेवा,क्याल्सियम चक्की र फोलिक एसिड चक्की तथा सुत्केरी महिलाको लागि निःशुल्क स्यानटरी प्याडको ब्यबस्था मिलाई "सुरक्षित मातृत्व नगर घोषणा" को लागि आवश्यक पुर्बाधार सहित वर्थिङ्ग सेन्टरहरुलाई सुबिधा सम्पन बनाईनेछ साथै नगरपालिका अन्तर्गत वर्थिङ्ग सेन्टरहरुको बिस्तार गरि बिभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

८.गर्भवती सेवा, प्रसुति सेवा, सुत्केरी सेवा र बालबालिकाको लागि पोषणलाई स्तरीय तथा सेवा मुल बनाउन " **हेलो सिस्टर"** कार्यक्रम लाई बिस्तार तथा प्रबिधि मैत्रि सहित निरन्तरता दिई कंचनरुप नगरपालिकालाई **पोषण मैत्री/आमा र बालबालिका मैत्री** स्वास्थ्य संस्थाको रुपमा बिस्तार गरिनुको साथै **" गर्भवती महिला संग मेयर"** कार्यक्रम संचालन गरी मासिक पोषण भत्ता उपलब्ध गराइनेछ ।

९.पुर्णखोप नगरपालिका दिगोपनाको तथा सेवा पहुँचमा बृद्विको लागि नियमित खोप सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा संस्थागत खोप क्लिनिक संचालन गरी प्रत्येक हप्ता खोप सेवा संचालनमा ल्याईनेछ ।

१०. स्थानीय स्तरबाटै बालबालिकाको नियमित तौल तथा पाखुराको जाँचको ब्यबस्थाको साथै कुपोषण बालबालिकाको समयमै पहिचान तथा ब्यबस्थापन गर्ने ।कंचनरुप नगरपलिकामा पोषण पुर्नस्थापन केन्द्र संचालनमा ल्याई " **पुर्णपोषण युक्त नगरपालिका घोषणा** " गरिनेछ ।

११. पोषण मैत्री नगरपालिकाको लागि नगरपालिका अन्तर्गतका गाँउ स्तरमा " **नमुना पोषण गाँउ** " को अवधारणालाई बिस्तार तथा प्रभावकारी बनाई बहुक्षेत्रिय पोषणको प्रभावकारितालाई बृद्वी गरीनेछ साथै कञ्चनरूप नगरपालिकालाई पोषण मैत्री स्थानीय शासन नगरपालिका घोषणा गर्ने नीति अवलम्बन गरिनेछ ।

१२.आन्तरिक पर्यटनलाई बढावा दिने उदेश्यले यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा बाह्रय भ्रमणको बिदा मिलाई सो अवधीको सेवा सुबिधाको ब्यबस्था मिलाईने छ ।

१३.कंचनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा कंचनपुरमा ब्लड बैंक, मानसिक परामर्श केन्द्र तथा मानसिक रोगीको ब्यबस्थापनको लागि सुधार केन्द्र निर्माण तथा संचालन गरिनेछ ।

१४.महिला स्वास्थ्य स्वम सेबिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन निजहरुको संलग्नतामा **महिला स्वास्थ्य स्वम सेबिका स्यानिटरी उधोग** संचालनमा ल्याई नगरपालिका अन्तर्गतका सम्प ूर्ण महिलाहरुको लागि स्वास्थ्यसंस्थाबाट निःशुल्क स्यानिटरी प्याडको ब्यबस्था मिलाईनेछ ।

१५.सबै नागरिकको स्वास्थ्य बिमामा पहुँच गराई नसर्ने रोग भएको बिरामि (मधुमेह,उच्च रक्तचाप,क्यान्सर) लगायतका बिरामिका पेन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१६.प्रत्येक वडामा क्षयरोग निदानका लागि खकार परिक्षण शिबिर तथा प्रभावकारी कार्यक्रम संचालन गरी कंचनरुप नगरपालिकालाई **"क्षयरोग मुक्त नगर घोषणा"**गर्ने नीति अवलम्बन गरिनेछ।

१७."जेष्ठ नागरिक जिबण सुरक्षा" कार्यक्रम संचालनमा ल्याई जेष्ठ नागरिकहरुको ला गि निःशुल्क स्वास्थ्य उपचारको ब्यबस्था मिलाईनेछ ।

१८.कंचनरुप नगरपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री तथा बाल मैत्री स्वास्थ्य संस्थाको रुपमा संचालन गर्न आवश्यक सेवाको साथै भौतिक पुर्बाधारको ब्यबस्था मिलाईनेछ ।

१९.नगरपालिका अन्तर्गतका बिपन्न तथा अन्य महिलाहरुमा बि धमान रहेको आङ्ग खस्ने रोगको स्कृनिङ्ग गरी पाठेघरको रोगको निदान उपचार र शल्य क्रियाको ब्यबस्था मिलाईनेछ ।

२०. महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको रोकथाम तथा उपचारको आवश्यक ब्यबस्था मिलाईनेछ ।

२१.बिपन्न तथा महिला स्वास्थ्य स्वम सेबिका परिबारको लागि निःशुल्क स्वास्थ्य बिमाको ब्यबस्था मिलाईनेछ ।

२२.प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्यकेन्द्र हरुबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य,पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा सामाग्री को प्रयाप्त ब्यबस्था सहित जनशक्तिको उचित ब्यबस्था मिलाईनेछ ।

२३.नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गा,भवन तथा स्वास्थ्य संस्थाहरुमा औजार उपकरणको अभाव हुन नदिन आवश्यक ब्यबस्था मिलाईनेछ ।

२४.कंचनरुप नगरपालिकाको १२ वटै वडाहरुमा **Health and Well-Being Center** (स्वस्थ तथा निरोगी केन्द्र)को स्थापना गरी **"योग गरौ निरोग रहौ"** भन्ने अबधारणालाई दैनिक ब्यबहारमा ल्याईनेछ ।

२५.यस कंचनरुप नगरपालिका अन्तर्गतका ४ वटा वर्थिङ्ग सेन्टरको सेवालाई बिस्तार गरी MBBS डाक्टरबाट सेवा संचालनको ब्यबस्था मिलाईनेछ । साथै नगरपालिका अन्तर्गतका अन्य स्वास्थ्य संस्थाहरूमा पनि आवश्यक्तानुसार वर्थिंग सेन्टरको विस्तार गरिनेछ ।

२६.कंचनरुप नगरपालिका अन्तर्गतका साबिक वडाहरुमा अ.न.मी. हरुद्वारा घरदैलो सेवा (Roaming ANM service) को ब्यबस्था मिलाईनेछ ।

२७.कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित पोषण र बिबिधतायुक्त खानाको ला गि सचेतना मुलक कार्यक्रम, पोषण झोला तथा पोषिलो आहारा बितरण कार्यक्रमको साथै सबै वडाहरुमा पोषण केन्द्र स्थापना गरी संचालनमा ल्याईनेछ ।

२८.स्वास्थ्य संस्था तथा वर्थिङ्ग सेन्टरहरुबाट दिदै आएको सेवालाई थप गुणस्तरिय तथा सेवा मुलक बनाउन स्वास्थ्य कर्मिहरुलाई उच्च शिक्षाको ब्यबस्था गर्न जोड दिइनेछ ।

२९.खोप,सुरक्षित मातृत्व,प्रजनन् स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभुत सेवालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वम सेबिकाको उचित सम्मान तथा सेवा सुबिधामा वृद्धि गरिनेछ ।

३०.सरकारी तथा गैर सरकारी अस्पताल, स्वास्थ्य संस्था संग समन्बय गरी नगरभरिको जनताको ला ला गि घुम्ति तथा घर दैलो स्वास्थ्य शिबिर संचालन गरिनेछ साथै स्वास्थ्य सेवालाई प्रभाकारी बनाउन टेलि मेडिसिन सेवा संचालनमा ल्याईनेछ ।

३१.स्तनपान सम्बन्धि बिभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरी कंचनरुप नगरपालिकालाई **"पुर्ण स्तनपान नगरपालिका घोषणा"** गरिनेछ ।

३२.आयुर्बेद स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आयुर्बेद औषधालयमा बिशेषज्ञ डाक्टरको ब्यबस्था मिलाई सेवालाई बिस्तार गरिनेछ ।

३३ किशोरीहरुको लागि पाठेघरको मुखको क्यान्सर रोग लाग्नबाट बचाउन खोपको व्यवस्था मिलाउनुको साथै स्तन क्यान्सर रोगको समयमै निदान तथा उपचारको व्यवस्था मिलाइनेछ ।

३४.**दीर्घ रोगबाट पिडीत तथा नसर्ने रोगबाट पिडीत विरामीसंग मेयर** कार्यक्रम संचालनमा ल्याउनुको साथै जिवन निर्वाह गर्ने मासिक भत्ता तथा सुगर र प्रेसरका विरामीहरूलाई नि:शुल्क उपचार र औषधीको व्यवस्था मिलाइनेछ ।

३५. सबै स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सेवा विस्तार गरिनुको साथै मधुमेह विरामीहरूको लागि निशुल्क सुगर जाचको व्यवस्था मिलाईनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

- यस नगरपालिका क्षेत्रभित्रका केहीं वडाहरूमा देखिएको खानेपानीको समस्यालाई समाधान गर्नका लागि नगरको आफ्नै श्रोत तथा वाह्य दातृ संघ संस्थासंगको सहयोगमा खानेपानी आयोजनाहरू संचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाईको अवस्थामा कमजोर स्थितिमा रहेका अति विपन्न र दलित घर परिवारलाई शौचालय निर्माण तथा प्रयोग र सरसफाईका सम्वन्धमा वस्तुगत सहायता उपलब्ध गराईनेछ ।
- यस नगरपालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापनको लागि डम्पिंग साइडको व्यवस्था गरिनेछ ।
- बृहत खानेपानी आयोजना संचालन नभएका स्थानहरूमा खानेपानी समस्याको समाधानको लागि आवश्यक समर्सियल पम्प तथा स्यालो ट्युवेल जडान कार्यलाई संचालनमा ल्याईनेछ ।
- यस नगरपालिकामा गुणस्तर सुद्धिकरणको लागि तालिम प्राप्त प्राविधिक पानी जाच गर्ने व्यवस्था मिलाईनेछ ।
- सुरक्षित खानेपानी समुदायमा घोषणा कार्यक्रम अभियान संचालनमा ल्याइनेछ ।
- प्रत्येक घरपरिवारमा एक घर एक धारा र एक चर्पी कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुणस्तरीय खानेपानी उपलब्ध गराउदा महगो लागत पर्ने सो को नियमित मर्मत सम्भार गरी दिगोपन समेतको प्रत्याभुती गर्नुपर्ने सन्दर्भमा उपभोक्ताबाट केहीं शुल्क उठाउने नीति लिनेछ ।
- शौचालयको निर्माण रह नियमित प्रयोग साबुन पानीले हात धुने बानी लगायतका सरसफाईका आधारभूत कुराहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनको लागि जनप्रतिनिधी, कर्मचारी र गैर सरकारी संघ संस्थाहरूलाई परिचालन गरिनेछ । यसका लागि आवश्यक वजेट समेत विनियोजन गरिनेछ ।
- न.पा.भित्रको प्रत्येक चौकहरूमा शुध खानेपानीको व्यबस्था गरिने छ ।

## २.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

- ज्येष्ठ नागरिकको संजालिकरण, सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोग कार्यक्रम ल्याइनेछ ।
- वालश्रम मुक्त नगर बनाउने अभियान सञ्चालन गरिनेछ ।
- अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको आवश्यक्ता पहिचान गरी सहायक सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको संभाव्यता अध्ययन गरी वीउपूँजी समेतको वस्तुगत टेवा र शीपमूलक कार्यक्रम संचालन गरिनेछ ।
- बालिकाहरुको विशेष संरक्षणका लागि आत्मरक्षा तालिम (Self-defense training) सञ्चालन गरिनेछ ।

- एकल महिलाहरुको शीप तथा दक्षता अभिवृद्धिका लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- वाल विवाह, दाइजो, वालश्रम, दहेज प्रथा, वहु विवाह, बोक्सीको आरोप जस्ता सामाजिक कुरीती अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यसको अन्त्य गर्ने नीति लिइने छ।
- नगरपालिकाबाट सञ्चालन हुने उपभोक्ताहरुमा महिला/दलित, अपाङ्ग भएका व्यक्तिहरुलाई अनिवार्य रुपमा सहभागी गराउने नीति अवलम्बन गरिनेछ।
- सडक तथा अनाथ वालवालिकाहरूको आपत्तकालिन उद्धार तथा राहत र पूनस्थापना कार्यक्रम स्थानीय संघ–संस्थाहरूसंगको साझेदारीमा संचालन गरिनेछ ।
- विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि लैङ्गिक हिंसा निवारण कोष सञ्चालनामा ल्याई सेवा उपलब्ध गराइने छ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नया□ पुस्तामा हस्तान्तरण गर्नका लागि पुस्तान्तर वीच अन्तरकृया कार्यक्रमहरू संचालन गरिनेछ ।
- वालश्रमिकहरूलाई उनीहरूको परिवारलाई आर्थिक उपार्जनका क्षेत्रमा सहयोग गर्न विऊ पूञ्जी कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम तथा अल्पसंख्यकहरूको विकास र उत्थानका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यक्रमहरू संचालन गरिनेछ ।
- महिला, वालवालिका, सामाजिक एवं आर्थिक रूपले कमजोर वर्ग र अल्पसंख्यकका सरोकारवाललाई मूलप्रवाहीकरण गरी दिगो विकास लक्ष्यको कोही नछोडिऊन (No one leave behind) भन्ने सिद्धान्त अवलम्बन गरिनेछ ।
- किशोर किशोरीका लागि व्यवहारिक र जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसा अन्त्य गर्दै रोजगारी र स्वरोजगारी उन्मूख कार्यक्रम सञ्चालन गरिनेछ ।
- वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति तथा रणनीति निर्माण गरिनेछ।
- महिला सशक्तिकरण वजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवं लैगिक उत्तरदायी वजेट विनियोजन कार्यान्वयन समेतलाई विश्लेषण गर्न र लैंगिक परीक्षण कार्यक्रम थालनी गरिनेछ।
- सुनाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुलाई वातावरण मैत्रीका लागि दो भाषेको व्यवस्था गरिनेछ।
- विपन्न एकल महिला र पुरुषहरुको लागि विशेष योजना ल्याइनेछ।
- युवा तथा किशोर किशोरी मैत्री स्थानीय तह निर्माण गर्न स्थानीय स्तरमा स्वरोजगार र उद्यमशीलताको लागि प्रदेश, संघीय सरकार र निजी क्षेत्रको समेत साझेदारीमा प्रभावकारी कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने।
- वेसहारा, अनाथ तथा असहाय (अविभावक विहीन) वालवालिकाको व्यवस्थापनको लागि योजना ल्याइनेछ।
- महिला सेफ हाउसलाई थप व्यवस्थित गरी प्रभावकारी बनाईनेछ।

## २.५ गैर सरकारी संस्था सम्बन्धी नीतिहरू

- हाल सञ्चालनमा रहेका र अब सञ्चालनका लागि अनुमति लिने गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाले नगरपालिकामा दर्ता अनुमति लिनु पर्नेछ । यसको लागि नगरपालिकाबाट नियम एवं कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
- नगर भित्र दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाको नियमन, खारेजी र विघट्न गर्न अधिकार नगरपालिकाको हुनेछ ।
- नगरक्षेत्र भित्र कार्य गर्न चाहने गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरूले आफ्नो कार्यक्रम र बजेट नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यवस्था मिलाईनेछ ।

- कानून वमोजिम कार्य नगरेमा गैसस सामुदायिक संस्था र सहकारी संस्था माथि निरिक्षण गर्ने र कारवाहीको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ ।
- स्थानीय, राष्ट्रिय तथा युनिसेफ लगायत अन्तराष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुसँग समन्वय र सहकार्य गरी स्वास्थ्य, शिक्षा, पोषण, वाल संरक्षण, खानेपानी तथा सरसफाई, विपद् जोखिम न्यूनिकरण र वाल केन्द्रित योजना तर्जुमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन गरिने र नगरको प्राथमिकताका क्षेत्रहरुमा परिचालन गर्ने नीति लिइनेछ।

**२.६ संस्कृती प्रवर्द्धन**

- सँस्कृति संरक्षण र सम्बर्द्धनका लागि ऐतिहासिक पुरातात्विक साँस्कृतिक, धार्मिक महत्वका पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ।
- नगरभित्र परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आर्थिक सहायता उपलव्ध गराईनेछ ।
- लोपोन्मुख रूपमा रहेका संस्कृती तथा सम्पदाहरूलाई जगेर्णा र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान, निर्माण, जिर्णोद्धार तथा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- भजनेश्वर मन्दिर र विष्णु मन्दिरलाई संरक्षण तथा स्तरोन्नति गरी पर्यटकीय क्षेत्र बनाइनेछ ।

**३. पूर्वाधार क्षेत्र :**

**३.१. सडक तथा पुल**

- नगरभित्रका सडकहरूलाई नगर यातायात गुरूयोजनाको निर्माण गरी विभिन्न श्रेणीमा वर्गिकरण र प्राथमिकिकरण गरी सोहि बमोजिम बजेट विनियोजन गरिनेछ ।
- पूर्वाधार योजनाहरूको लागत इष्टिमेट, स्थलगत अनुगमन तथा मुल्यांकन कार्यलाई छिटो, छरितो तथा प्रभावकारी तवरले सम्पन्न गर्नका लागि जनशक्तिलाई आवश्यक तालिम, प्रविधिगत सहयोग तथा टुल्सहरूको उपलव्धता सुनिश्चित गरिनेछ ।
- पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज डि पि आर तयारी आदि कार्यको मापदण्ड निर्धारण गरी प्राविधिक अध्ययन गरिनेछ । यस्तो कार्यमा प्रदेश, संघीय सरकार तथा विकास साझेदारसँग समन्वय गरी नगरपालिकाभित्र उचित संयन्त्र निर्माण र सहयोग परिचालन गरिनेछ ।
- स्थानीय पूर्वाधार निर्माण, मर्मत सम्भार, पूनर्निमाण कार्य सञ्चालननका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ । यस कार्यमा संघीय तथा प्रदेश सरकार र विकास साँझेदारको सहयोग आवश्यक्तानुसार समन्वय गरी परिचालन गरिनेछ ।
- योजनाको कार्य गर्ने क्रममा प्राविधिक त्रुटी नाप जाच गर्न अति आवश्यक देखिएकोले नगरपालिका भित्र आफ्नै ल्याबको स्थापना गरिनेछ ।
- निश्चित मापदण्डका आधारमा नगर गौरवका आयोजनाहरूको पहिचान र सञ्चालन गरिनेछ ।
- उज्यालो कञ्चनरूपको अवधारणा अनुरूप प्रत्येक टोल टोल जोडिने सडकहरूमा सोलार, टावरबत्ति प्रविधिको माध्यमबाट सडकबत्ति जडान गरिने छ ।
- नगरपालिकाको सम्पूर्ण वडा तथा सम्पूर्ण शाखाहरूको काम कार्यको निगरानी गर्न सि सि टि भी क्यामेरा जडान गरिनेछ ।
- कञ्चनरूप नगरपालिकाभित्र सेवा सुविधायूक्त बसपार्क निर्माणको पहल गरिने छ ।
- सबै वडा, टोल जोड्ने पक्की सडक, ढल तथा कलभर्ट गुणस्तरीय तरिकाले गरिनुको साथै समय समयमा मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।

**३.२ सिंचाई**

- कृषियोग्य जमिनको पर्याप्तताका वावजुद उत्पादन र उत्पादकत्वको अवस्था कमजोर रहेको यस नगरभित्रका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनका लागि साना सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरभित्र भएर जाने चन्द्र नहर र अन्य पानीका श्रोतहरूबाट बढी भन्दा बढी जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनका लागि पोर्टेवल वाटर पम्पको व्यवस्था गरी सिंचाई सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- डिप बोरिंग मार्फत खेतीयोग्य जमिनमा सिंचाई उपलब्ध गराउन कृषि विद्युतीकरणलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । यसका लागि विद्युत प्राधिकरणको स्थानीय कार्यालयसंग समन्वय र सहकार्य गरिनेछ ।

**३.३ भवन तथा शहरी विकास**

- यस कञ्चनरुप न.पा.मा सञ्चालन भईरहेका र हुने क्रममा रहेका कन्सलटेन्सीहरुको दर्ता नविकरण अनिवार्य गर्ने व्यवस्था मिलाईनेछ।
- घरनक्सा डिजाइन ड्रइङ्ग पेशामा आवद्ध कन्सल्टेन्सी तथा प्राविधिकलाई अनिवार्य रुपमा सूचीकृत हुने व्यवस्था मिलाईनेछ।
- घरनक्सा डिजाई ड्रइङ्ग गरे वापत सेवाग्राहीसँग कन्सल्टेन्सीले लिने दस्तुरमा एकरुपता ल्याउन न.पा.स्वयंले शुल्क निर्धारण गर्ने व्यवस्था मिलाईनेछ।
- यस न.पा.मा रहेका मुख्य सडक, शाखा सडकको क्षेत्र अधिकार यस नगरपालिकाको MTMP बनाई भवन मापदण्ड २०७२ तथा राष्ट्रिय भवन संहिता २०६० अनुसार लागू गरिनेछ।
- नक्सा पास तथा अभिलेखिकरण प्रकृयालाई प्रभावकारी तथा पारदर्शिता बनाउनलाई Online Building permit system software सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ।
- भवन निर्माणसँग आवद्ध भएको यस नगरपालिका भित्र रहेको निर्माणकर्मी, ठेकेदार र डकर्मीहरुको लागि तालिम गोष्ठीको व्यवस्था मिलाईनेछ।
- निजी तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गराई मात्र निर्माण गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।
- नगरभित्रको ढल निकासको उचित प्रवन्ध गर्नका लागि आगामी आर्थिक वर्षमा ढल निकास गुरूयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । सो गुरूयोजना बमोजिम मात्र ढल सम्वन्धी योजनाहरूमा बजेट विनियोजनको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने सबै घर मापदण्ड अनुसार भुकम्प प्रतिरोधात्मक घर निर्माण हुनेछन् ।
- भू“ उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- व्यवस्थित बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयनमा आउनेछ ।
- व्यवस्थित बस्ती घडेरी विकास सम्बन्धी कामका लागि स्वीकृत मापदण्ड अनुसार कार्यान्वयन गरिनेछ ।
- गरिव घर पहिचान र सुकुम्वासी तथा अव्यस्थित घरपरिवार व्यस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कृषियोग्य जमिनमा बस्ती विकासलाई निरूत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी, सार्वजनिक तथा सरकारी भवनहरू नगरपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।
- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०६० लाई पूर्णत: पालना गराइनेछ ।
- कञ्चनरूप नगरपालिका घोषणा हुनु पूर्व साविक गा.वि.स.क्षेत्रभित्र निर्माण भएका घरहरूलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको २०७२ साल वैशाख अगाडि निर्माण भएका घरको लगत लिई छोटो समयावधिमा अभिलेखिकरण काम अन्त्य गरिनेछ ।
- भवन निर्माण नक्सा पास गर्दा अनिवार्य रूपमा एक घर एक चर्पी दुई विरूवा रोप्ने परिपाटीको अनिवार्य गरिनेछ ।

- भवन सम्पन्नताको प्रमाणपत्र दिंदा सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरू हटाएपछि मात्र प्रमाण-पत्र उपलब्ध गराइनेछ ।
- साविक नगरपालिका घोषणा हुद्वा निर्मित भवनहरू र वस्ती विकास शहरी योजना तथा भवन निर्माण यथाशिघ्र अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ । त्यस्ता मापदण्ड पुरा नभएका साविक निर्माण भई सकेका भवनहरूलाई नगरकार्यपालिकाको वैठकबाट आवश्यक प्रकृया तोकी अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा भवन तथा पूर्वाधार निर्माण कार्यमा टेवा पुगोस भन्ने उद्देश्यले भवन निर्माण तथा पूर्वाधार निर्माण सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।
- नगर भित्र निर्माण हुने निजी घरहरूको निर्माणका लागि आवश्यक मापदण्ड निर्धारणका लागि राष्ट्रिय भवन निर्माण संहिताको अधिनमा रहि स्थानीय भवन निर्माण मापदण्ड स्विकृत गरी कार्यान्वियनमा ल्याइनेछ ।
- नगरपालिका अर्न्तगत प्रविधियुक्त सेन्ट्रल लाइब्रेरी स्थापना गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र नगर बस सेवा संचालनमा ल्याई न्यून्तम शुल्कमा बस सेवा प्रदान गरिनेछ ।
- मिति २०७१ साल अथवा न.पा.लागू हुनु भन्दा अगावै निर्माण भएको तथा अभिलेखिकरण गर्न छुट भएको र न.पा. कार्यालयबाट अभिलेखिकरण प्रमाण पत्र जारी भइसकेको भवनमा थप निर्माण कार्य ठहर भएमा सो भवनको पुन: अभिलेखिकरण गर्न श्रावण १ गते देखि छ महिनासम्मलाई म्याद थप गर्न तोकिएको थप दस्तुर लिइ अन्तिम पटकलाई एक पटक निरन्तरता दिईने तथा यसको लागि व्यापक रूपमा माइकिङ्ग लगायत सूचनामूलक कार्यक्रम गरिने ।

**४. वन, वातावरण तथा विपद व्यवस्थापन**

**४.१ वन तथा भुसंरक्षण**

- **"जहाँ बाटो त्यहाँ रुख त्यसैले ल्याउँछ परम सुख"** भन्ने प्रदेश सरकारले लिएको नारालाई साकार पार्न आगामी बाटो निर्माण गर्दा नगरपालिकाबाट सञ्चालित प्रत्येक योजनामा नारा अनुरुप अनिवार्य विरुवा रोप्ने नीति लिइनेछ।
- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वनक्षेत्र लगायत निजी क्षेत्रमा समेत वृक्षारोपण गरी हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- कञ्चनरूप नगरलाई हरित नगरीको रूपमा विकास गर्न संघीय सरकारको नीति अनुरूप एक नागरिक एक फलफूलको विरूपा रोप्ने कार्यक्रमलाई अभियानको रूपमा लागू गरिनेछ ।
- नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी भैरहेको पोखरी, तालहरूमा माछा पालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरू परिचालन गरी मत्स्य पालनलाई बढावा दिइनेछ ।
- सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय वन विकासमा लगानी गर्न र स्थानीय स्तरको विकासको लागि प्रेरित गरिनेछ ।
- नगर भित्रको राष्ट्रिय वन, सामुदायिक वन संरक्षण र सामुदायिक वन व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी खाली प्रति जग्गामा वृक्षारोपण गरी हरियाली नगर बनाउने नीति लिइने छ।

**४.२. विपद व्यवस्थापन**

- कोभिड -१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिएको छ।
- पूर्वाधार विकासका क्रियाकलापहरु संचालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्न व्यवस्था मिलाइएको छ।
- नगरस्तरीय विपद् व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वियनमा ल्याइनेछ ।
- विपद्को पुर्वतयारी र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउँमा बाँध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ ।

- विकासबाट हुन सक्ने विनासलाई न्यूनिकरण गरी विकासलाई दिगो वनाउन अधिकतम रूपमा श्रममुलक प्रविधिमा जोड दिइनेछ । साना विकास योजनामा मेसिनरी सामाग्रीहरूको प्रयोगलाई निरूत्साहित गरिनेछ ।
- विपद्को समयमा आपतकालिन उद्धार र राहतको लागि खुला सार्वजनिक स्थानको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ । आपतकालिन समयमा आइपर्ने खाद्यान्न र पानीको व्यवस्था गर्न स्थानीय व्यापारी वा संघ/संस्थासंग वार्षिक संझौता गरी तोकिएको परिमाणको खाद्यान्न र पानीको संचितिको व्यवस्था मिलाइनेछ ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री खरीद तथा श्रोतको पहिचान गरिनेछ ।
- विपद व्यवस्थापन कोषको प्रयोगलाई अझ व्यवस्थित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।
- चुरे पहाडबाट उत्पति भएका महुली, सुन्दरी, पौडा, बान्द्रा, राई खोला, बघुवा, बभना र खोत्तरदेवी खोला आदी नदी नालाहरूबाट वर्षाको समयमा आउने भेल बाढीबाट हुने क्षति र कटान रोक्नको लागि सघन रूपमा नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । यसका लागि संघ तथा प्रदेश सरकारसंग समेत आवश्यक बजेटको व्यवस्थाका लागि पहल गरिनेछ ।
- वन्यजन्तु तथा हात्ति आतंकबाट हुने मानवीय, आर्थिक तथा भौतिक क्षती हुन नदिन संघीय सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कदम चालिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वियन गर्न दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।
- विपद् व्यवस्थापन गर्न विपद् प्रतिकार्य योजना तयार गरी कायान्वयनमा ल्याइनेछ।
- प्लाष्टिक झोलाको सट्टा सुती, जुट वा कागजका झोला प्रयोगमा ल्याईने नीति अवलम्बन गरिनेछ।
- एम्बुलेन्स, दमकल, जस्ता सेवालाई चौबीसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था मिलाएको छ।

**४.३ फोहरमैला व्यवस्थापन**

- नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न उद्योग वाणिज्य संघसँग समन्वय सहकार्य गरी व्यवस्थित गरिनेछ । यसको लागि आगामी आर्थिक वर्ष भित्र फोहोरमैला व्यवस्थापनका लागि डम्पिंग साईटको निर्माणलाई पूर्णता दिई संचालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टी ट्यांकी निर्माण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।
- नगर क्षेत्रभित्र छोडिने छाडा पशु चौपाया, सडक किनारामा पशु बाँध्ने प्रणालिलाई निरूत्साहित गरिनेछ । सार्वजनिक स्थलमा छाडिएका छाडा पशुहरूलाई नियन्त्रणमा लिइ कान्जी हाउसमा राखिने व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रलाई सुन्दर सफा र स्वच्छ वनाउन फोहर व्यबस्थापनको लागि उपयूक्त ठाउहरूमा डस्टबीनको व्यबस्थापन गरी सरसफाई सम्बन्धी बिशेष योजना ल्याईने छ ।
- सार्वजनिक स्थलमा निर्माणाधिन सार्वजनिक शौचालयहरू आगामी आ.ब.मा निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ । तिनिहरूको नियमित सरसफाई र मर्मत सम्भारको उचित व्यवस्था मिलाइने छ ।
- यस नगरपालिका क्षेत्र भित्रको मुख्य स्थानहरूमा सार्वजनिक शौचालय र भिड भाड हुने स्थानमा घुम्ती शौचालयको व्यबस्था मिलाईने छ ।
- नियमित फोहर संकलनको लागि नगर ट्यांकरको उपयूक्त व्यबस्था मिलाईनेछ ।
- लामखुट्टे नियन्त्रणको लागि घर घरमा विषादी छर्किने व्यवस्था मिलाईनेछ ।

**४.४ जलाधार संरक्षण**

- वन जंगल, वन्यजन्तु, ढुंगा, गिटी बालुवा, नदी, खोला, खानी आदि प्राकृतिक श्रोतहरूको पहिचान गरी वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाइनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याउन ठेक्का वन्दोवस्त गरिनेछ ।
- सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्न अध्ययन गरी संरक्षण नीति ल्याइनेछ ।

**४.५ वारूणयन्त्र संचालन र व्यवस्थापन**

- वारूणयन्त्र संचालनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।
- वारूणयन्त्र संचालनको लागि आवश्यक पर्ने जनशक्ति गरिने व्यवस्था मिलाइनेछ ।
- वारूणयन्त्रको सुरक्षा, मर्मत र तयारी अवस्थामा राख्नका लागि आवश्यक वजेट व्यवस्था गरिने छ ।

**५. सुशासन तथा संस्थागत विकास**

**५.१ मानव संशाधन विकास**

- नगरपालिकाबाट प्रदान हुने सेवाहरू चुस्त दुरूस्त बनाउन नगरपालिका अन्तर्गतका सम्पूर्ण शाखा, उप–शाखा तथा मातहतका सम्पूर्ण कार्यालयहरूमा विद्युतिय हाजिरीको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका, वडा कार्यालय तथा विषयगत शाखामा कार्यरत कर्मचारीहरू Need Base Analysing गरी तालिम संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनीधिहरूको क्षमता विकासका लागि आवश्यक्ता को पहिचान गरी सोही अनुसार सञ्चालन गरिनेछ ।
- नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई पारदर्शी, जवाफदेही, नियमित, मित्तव्ययी बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता विधि अपनाईनेछ ।
- पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरूलाई तालिम, सम्मान साथै पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।
- नगरपालिका भित्रका स्वास्थ्यकर्मिहरू लगायत सबै विषयगत शाखा र नगरपालिकाका कर्मचारीहरूको सेवासंग सम्वन्धित विभिन्न तालिमहरू उपलव्ध गराउनुको साथै उत्कृष्ट काम गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।
- स्मार्ट सिटी डिजिटल न.पा अवधारणा अनुरूप यस न.पा. भित्रका मुख्य चौकहरूमा सि.सि. टिभी क्यामरा फ्री वाईफाई जडान गरिने छ ।
- कञ्चनरूप नगरपालिकाको सेवा कार्यालयहरू, हाटबजारहरूलाई अत्यावश्यक पर्ने जग्गा लिन जग्गाधनी र न.पा. बीचको संझौता वा मुआब्जामा आवश्यक वजेट विनियोजन गरी सम्बन्धित निकाय□रा अधिकरण गर्ने नीति लिइनेछ ।
- न.पा. कार्यालय र अर्न्तगतका प्रत्येक वडामा हेल्प डेस्क राखिनेछ ।
- वि पी संग्रालय तथा अध्ययन केन्द्र बनाईनेछ ।

**५.२ न्यायिक समिति सम्बन्धी नीति:**

- न्यायिक समतिले कानून वमोजिमको विवादहरूमा न्याय निरूपण सर्वसम्मत गर्ने, नभएमा बहुमतको राय अनुसार न्याय समितिको निर्णय हुनेछ ।
- विवादको सम्बन्धमा न्यायकर्ता सदस्यहरूको कुनै पनि प्रकारको स्वार्थ रहेमा त्यस्तो व्यक्तिले विवादको कार्वाही किनारा लगाउन पाउने छैन ।
- विवादको निरूपण गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्राथमिकता दिई दुवै पक्षको सहमतीमा जीत जीतको मूल्यमान्यतालाई मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।
- न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि त्यस समितिका सदस्यहरूलाई न्यूनतम पुर्पक्ष र कार्यविधि एवं अधिकारको अनुशिक्षण तालिमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुँै कानूनी शाखा र कानूनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई कार्यान्वयन गरिदै गएकोमा निरन्तरता दिइनेछ ।
- न्यायिक समितिले मुद्दा तथा विवादको सुनुवाईको क्रममा आवश्यक्ता अनुसार सम्बन्धित विज्ञ र सरोकारवालाहरूको सहायता लिन सकिनेछ ।

- प्रत्येक वडामा सामुदायिक मेलमिलाप समिति गठन गरी सामुदायिक मेल मिलापकर्ताहरूलाई ४८ घण्टे तालिम गर्ने व्यवस्था मिलाई आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

**५.३ शान्ती सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रम:**

- नगर भित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालित गरी स्थानीय सुरक्षा निकायसँग समन्वय गरी प्रभावकारी बनाईनेछ ।
- बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाउँहरू पहिचान गरी उक्त स्थानहरूमा विशेष निगरानीको व्यवस्था मिलाईनेछ । नगरका मुख्य मुख्य स्थान, चौक र धार्मिक ऐतिहासिक स्थलहरूमा सि.सि.क्यामरा जडान गरी निगरानी हुने व्यवस्था मिलाईनेछ । यसको लागि चालु आ.व.मा पूर्व पश्चिम लोकमार्गमा सि.सि.क्यामरा जडान गरिने लक्ष्य राखिएको छ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यसनी र मादक पदार्थ सेवनलाई निरूत्साहित गर्ने जनचेत्तनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक तथा ऐतिहासिक, धार्मिक स्थलहरूको ६० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरूको विक्री वितरण र सेवनमा पूर्णत: रोक लगाइनेछ । साथै उक्त क्षेत्रहरूमा जङ्क फूड विक्री वितरणलाई निरूत्साहित गर्दै लगिनेछ ।
- अठार वर्षभन्दा मुनिका वालवालिकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा विक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र उक्त समूहमा वालवालिकाहरूलाई विक्री वितरण गर्ने व्यापारीहरूलार्य दण्डित गरिनेछ ।
- पूर्व-पश्चिम लोकमार्ग, कंचनपुर-फत्तेपुर सडक र नदाहा-कोशी, रुपनगर सडकमा सडक दुर्घटना न्यूनिकरण एवं रोकथामका लागि डमी ट्राफिक प्रहरी राख्ने व्यवस्थापन मिलाईनेछ ।

**५.४ संस्थागत क्षमता विकास:**

- नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा  विषगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्राविधिक मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।
- स्थानीय निकायमा कार्यरत र समायोजन भई आएका कर्मचारीहरुको वृत्ती विकासका लागि कर्मचारीको स्तर वृद्धि सम्बन्धी ऐन, २०७८ तथा कञ्चनरुप नगरपालिकाको कर्मचारी स्थायी पदपूर्ति नियमावली, २०७८ तयार भइसकेकोले प्रदेश कानून र प्रदेश लोकसेवाको सहमति अनुसार कार्यान्वयन गरिनेछ ।
- नगरले गर्ने सवै प्रकारका वित्तीय कारोवारलाई शुत्रमार्फत अझ बढी व्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- कुनै एक शाखा वा फाँटमा कार्यरत कर्मचारीको अभावमा कार्यालयको काममा अवरोध हुने वा सेवाग्राहीले समस्या भोग्नु पर्ने अवस्थालाई न्यूनिकरण गर्नका लागि सवै कर्मचारीहरूलाई सवै प्रकृतिका कार्य गर्न सक्ने तुल्याउन एक भन्दा बढी शाखाको जिम्मेवारी दिने या निश्चित समयमा शाखा परिवर्तनको नीति लिइनेछ ।
- संविधान प्रदत्त एकल तथा संघीय र प्रादेशिक कानून वमोजिम साझा अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक नीति, कानून, कार्यविधि, मापदण्डहरू निर्माण गरी कार्यान्वयन र नियमन, अनुगमन गरिनेछ । यसका साथै संघीय र प्रादेशिक सरकाबाट प्राप्त नमूना कानूनका मस्यौदाको स्थानीय परिवेश अनुसार समीक्षा गरी तर्जुमा र कार्यान्वयनमा ल्याउन स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाइनेछ । सार्वजनिक प्रशासनलाई नागरिकप्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री गराइनेछ ।
- नगरपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ । सूचना अधिकारीको व्यवस्था गरी प्रत्येक वडामा वडाले तोकेको एक सूचना अधिकारीको व्यवस्था गरिनेछ ।
- नगरपालिकाले आफूले सञ्चालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहका चौमासिक रूपले सार्वजनिक सुनुवाई गर्ने । प्रत्येक निर्माण कार्यको सार्वजनिक परीक्षण र आ.व.को अन्त्यमा नगरपालिकाको सामाजिक परीक्षण गराईनेछ ।

- आ□नो क्षेत्रभित्र रहेको जनसंख्या भाषा, संस्कृतिक, प्राकृतिक श्रोत, भौतिक पूर्वाधार, सम्पति, रोजगार, संचार र सुकुम्बासी जस्ता अत्यावश्यक तथ्या□हरूलाई संकलन तथा अध्यावधिक गर्दै लगिने छ ।
- जन्म, मृत्यु, वसाइसराइ, विवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरूको अनिवार्य रूपमा दर्ता गरी अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्या□हरूको विश्लेषण गरी योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।
- नगरपालिकामा भएका सम्पूर्ण सूचनाहरूलाई कम्प्यूटरकृत गरी अभिलेखिकरण गरिनेछ ।
- अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी वडा सचिवहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजना निर्माणको चरणमा वालवालिकाहरूको प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूबाट माग भएको योजनाहरूमा नगर तथा वडाहरूबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।
- कञ्चनरूप नगरपालिकाको पारित संगठन संरचना अध्ययन गरी कार्यान्वयन गरिनेछ ।
- गरिव तथा अति विपन्न परिवारमा मृत्यू भएमा क्रिया खर्च वापत न.पा.बाट रू.१०,०००।– हजार नगद सहयोग स्वरूप दिइने व्यवस्था मिलाइनेछ ।

**५.५ लघु उद्यम तथा सुरक्षित आप्रवासन :**

- गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ।
- विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउने गैर सरकारी संघ/संस्थाहरुको समन्वय सहकार्यमा र लागत साँझेदारीमा युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरु सञ्चालन गरिनेछ।
- गरिवको रेखामुनी रहेका नेपाली नागरिक, वैदेशिक रोजगारबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएको वेरोजगार व्यक्तिलाई उद्यमशिलता विकास तालिम दिई लघु उद्यम व्यवसायबाट स्वरोजगार सृजना गरिनेछ।
- उद्यमीलाई उद्योगको प्रकृति आवश्यक्ता र उद्योगबाट सृजना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईनेछ।
- लघु उद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणको लागि लघु उद्यमी, लघु उद्यमी समूह, सहकारी र खरिद गर्ने संस्था, समुदाय वा व्यक्तिले बजारीकरणको लागि सहयोग गरिनेछ।
- विक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म विक्रि वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, विक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था गरिनेछ।
- हिंसामा परेका महिला तथा पुरुष उद्यमीका परिवारका सदस्यहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि जनचेतना कार्यक्रमहरु गरिनेछ।
- वैदेशिक रोजगारको कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असर वा मनोसामाजिक समस्यालाई न्यूनिकरणको लागि मनोसमाजिक परामर्श सेवा प्रदान गर्ने।
- रोजगार प्रवर्द्धन सृजनाका लागि वित्तिय साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाउन वजेट विनियोजन गरिनेछ।
- वैदेशिक रोजगारमा जाँदा हुने गरेका ठगीलाई न्यूनिकरण गर्न १२ वटै वडाहरुमा जनचेतना कार्यक्रम गर्ने।
- वैदेशिक रोजगारलाई सुरक्षित र उपलब्धी बनाउन थप रिटर्नी स्वयं सेवक परिचालन गर्ने ।
- वैदेशिक रोजगारका कारण मानसिक समस्या भएका व्यक्तिलाई उपचार, ज्यान गुमाएका परिवारका वालवालिकाहरूको शिक्षाका लागि र आश्रित महिलाहरूको लागि आकस्मिक कोष स्थापना गर्ने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, शिप तालिम प्रदान तथा आवश्यक कानूनी सहायता प्रदान गरिने ।

**५.६ राजश्व परिचालन तथा आर्थिक प्रशासन :**

- कञ्चनरूप नगरपालिकामा अगामी आर्थिक वर्ष २०७९।०८० देखि अनिवार्य रूपमा सम्पत्ति कर लागू गरिनेछ । एकिकृत सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको वर्गीकरण र मूल्या□न गरी प्रतिवेदन पेश गर्न यथाशिघ्र एक कार्यदल गठन गरी कार्यारम्भ गरिनेछ ।

- घर वहाल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रूपमा विकास गरी बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरी नगर कार्यपालिकाले तोकेको दरमा बहाल कर लिइनेछ ।
- नगरपालिकालाई आवधिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।
- करका दरहरूलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।
- करको दायरामा नआएका क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ । यसको लागि चालु आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिवृद्धि सुझाव तथा कार्यदल बनाई कार्य गरिनेछ ।
- नगरसंग भएका सवारी साधनहरूको प्रयोग र संचालनलाई अझ बढी व्यवस्थित तुल्याई प्राप्त हुने आयलाई विस्तार गरिनेछ ।
- नगर र वडाबाट संकलन हुने राजश्वको वैंक दाखिला संकलन भएको मितिले भोलिल्ट नै गर्ने व्यवस्था मिलाइनेछ र कुनै पनि कारोवार नगद भूक्तानी परिपाटीको अन्त्य गरी चेक मार्फत भूक्तानी गर्ने परिपाटीको थालनी गरिने छ ।
- आर्थिक क्रियाकलापहरुमा आएको संकुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिने छ।
- हाल कायम रहेको जन्म दर्ता शुल्क, मृत्यू दर्ता शुल्क, चारकिला शुल्क, जग्गा कर आदि घटाउदै न्यून्तम शुल्क तोकिनेछ ।
- दर्ता भएका व्यवसायलाई अनुगमन गर्ने व्यवस्था गरिनेछ । स्थानीय स्तरमा स्थापना भएको व्यवसायहरूको तथ्या□ स□लन दुरूस्त गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट बजार तथा हाटबजारको व्यवस्थापन र नियमित अनुगमन तथा निरिक्षण गर्ने प्रबन्ध मिलाईनेछ ।
- दर्ता भएका इजाजत प्राप्त व्यवसायिक फर्महरूले प्रत्येक वर्ष नगरपालिकामा नविकरण गर्नुपर्ने व्यवस्था लागू गरिएको छ ।
- यस न.पा. भित्रका अहिलेसम्म नविकरण नभएका व्यवसायीहरूलाई (घ वर्गका निर्माण व्यावसायी बाहेक) श्रावण १ गते देखि ३ महिना भित्रमा नविकरण गर्न आएमा आ.व.२०७८।०७९ सम्मको नविकरण शुल्क मिनाहा गरिनेछ ।
- उद्योग व्यवसाय दर्ताका लागि श्रावण १ गते देखि ३ महिना भित्र दर्ता गर्न आउनेहरूलाई ५० प्रतिशतसम्म दर्ता शुल्कमा छुट दिईनेछ ।
- **५.६ आन्तरिक र अन्तिम लेखापरीक्षण**
- नगरबाट भएका आम्दानी तथा खर्च सम्वन्धी काम कारवाहीलाई नियमितता, दक्षता, कार्यक्षमता, प्रभावकारीता र औचित्यताको आधारमा कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- गत आ.ब.को लेखापरीक्षणबाट कायम हुन आएको वेरूजु असुल उपर तथा फर्छ्यौटका लागि तदारूकताका साथ कारवाही अगाडि बढाई फछ्र्यौट तथा असुल उपर गरिनेछ ।

**५.७ सेवा प्रवाहका मापदण्ड निर्धारण**

- नगरबाट प्रवाह हुने सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन र प्रशारणको व्यवस्था मिलाइनेछ ।
- नागरिकले प्राप्त गर्ने सेवाका क्षेत्रहरूको समय, लागत, प्रकृया र कागजात सहितको जानकारी भएको नागरिक वडापत्रलाई सेवाग्राहिले देख्न सक्ने स्थानमा राखिनेछ ।
- सेवा प्रवाहलाई उपलव्ध बजेट र जनशक्तिको आधारमा अधिकतम रूपमा प्रविधिमैत्री बनाउंदै लगिनेछ ।

- लागत अनुमान तयारी, मुल्यांकन विलको तयारी, योजनाको प्रशासनिक कामको तयारी तथा अभिलेखिकरण, कर संकलन तथा अभिलेखिकरण जस्ता कृयाकलापलाई व्यवस्थित र प्रभावकारी वनाउन सफ्टवेयर र प्रविधिलाई अवलम्वन र प्रयोग गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवाहरूको जानकारी सर्वसाधारणको लागि चौमासिक विकास बुलेटिन प्रकाशन गरिने छ र नगरपालिका गेटमा डिजिटल बोर्ड मार्फत दैनिक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने छु।